मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेसनल माउन्टेन म्युजियम, पचभैया क्यान्डुन् चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ ३ गते शनिबार ❑ 17 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## गगनकुमार थापा नेतृत्वको नेपाली कांग्रेसलाई आधिकारिकता

रासस
काठमाडौं, २ माघ

निर्वाचन आयोग नेपालले गगनकुमार थापा नेतृत्वको नेपाली कांग्रेसलाई आधिकारिकता दिएको छ।

आयोगको शुक्रबार बसेको बैठकले विशेष महाधिवेशनलाई कानुन र विधानसम्मत भएको जनाउँदै विशेष महाधिवेशनबाट चयन भएका पदाधिकारीहरूको विवरण अद्यावधिक गर्ने निर्णय गरेको आयोगले जनाएको छ।

यो निर्णयसँगै नेपाली कांग्रेसको चुनाव चिह्न रुख र चारतारे झण्डासहित आधिकारिक कांग्रेसको सभापति थापा बन्नुभएको छ । आयोगले ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले महाधिवेशन माग गर्न पाउने र त्यो मागअनुसार महाधिवेशन आयोजना गर्नुपने बाध्यात्मक व्यवस्था, विधानत महाधिवेशन प्रतिनिधि नै सर्वोच्च प्रतिनिधि र विशेष महाधिवेशन माग गरेको विषयमा कसैको विमति देखिएन भन्ने आधारमा थापा नेतृत्वको कांग्रेसलाई आधिकारिकता दिएको जनाएको छ।

यसैगरी नेपाली कांग्रेसका नवनिर्वाचित सभापति गगनकुमार थापाले पार्टीभित्र एकताबद्ध भएर अगाडि बढ्न सबैलाई अपिल गर्नुभएको छ। कांग्रेसको दोस्रो महाधिवेशनबाट सभापतिमा निर्वाचित थापालाई निर्वाचन आयोगले आधिकारिकता प्रदान



गरेसँगै आज एक विज्ञप्ति जारी गरी एकताबद्ध भएर अगाडि बढ्न पार्टीका नेता तथा कार्यकर्तालाई अपिल गर्नुभएको हो । "नेपाली कांग्रेसमा विधि, विधान र पद्धति स्थापित भएको छ, विशेष महाधिवेशन कुनै विवादको विषय थिएन, निर्वाचन आयोगले संविधान, प्रचलित कानुन र पार्टीको विधानअनुसार निर्णय गरेको छ, यसप्रति हामी आभारी छौँ", उहाँले भन्नुभयो । उहाँले कांग्रेसका सदस्य र शुभेच्छुकजनले नेपाली कांग्रेसमा सार्थक परिवर्तन र देशको समुन्नतिका लागि गरेको इमान्दार प्रयत्नको साझा प्रतिफल भएको उल्लेख गर्नुभयो । सभापति थापाले भन्नुभयो, "पार्टी नेताको चाहनाले मात्र होइन आम सदस्यको चाहनाले चल्छ, बन्छ, अब कांग्रेस आफ्नो मूल जरामा, आफ्नो मूल्य मान्यता र आदर्शमा फर्केको छ ।" उहाँले विशेष महाधिवेशनमा सहभागी हुनुभएका र नहुनुभएका सबैलाई विधि विधानले प्रधानता पाएको र जय पराजयको विषय नभएको बताउनुभयो । "कुनै अलमल नपरौँ, सबै संयम होऔँ, जिम्मेवार बनौँ, एकताबद्ध रहौँ, विश्वास र भरोसा राख्नुहोस्, अब कांग्रेस नवीन ऊर्जा र एकतासहित रूपान्तरणको दिशामा अगाडि बढेको छ, रिफर्मको यात्रा सुरु भइसकेको छ, अब उच्च आत्मविश्वास र व्यापक तयारीका साथ आशन्न निर्वाचनमा एकढिक्का भइ लाग्नुपर्नेछ", सभापति थापाले भन्नुभयो । उहाँले अहिलेको परिस्थितिमा कांग्रेसलाई अगाडि बढाउन पार्टीका पूर्वसभापति शेरबहादुर देउवालगायत पार्टीमा विभिन्न तह र निकायमा रहनुभएका सबैबाट पार्टीको लोकतान्त्रिक प्रक्रियालाई सहज रूपमा लिई पूर्ण साथ रहने विश्वाससमेत लिनुभयो । सभापति थापाले आजदेखि पार्टीभित्र गुट र भागबण्डा नहुने बताउनुभयो । जिम्मेवारी फरक भए पनि भुइ तहमा रहेका सदस्य र केन्द्रीय सभापतिको समान हैसियत हुने उहाँको भनाइ छ । उहाँले कांग्रेस पार्टी नेता र यसका सीमित सदस्यको मात्रै नभई आममानिसको सार्वजनिक पुँजी भएको बताउनुभयो । कांग्रेसले विशेष महाधिवेशनमार्फत विगतका कमजोरीप्रति आत्मआलोचना गर्दै समीक्षा गरेको बताउँदै सभापति थापाले आजसम्मका उपलब्धिलाइ समयको पदचाप अनुसार थप संस्थागत गर्ने सङ्कल्प गरेको उल्लेख गर्नुभयो।

कांग्रेस आमनेपाली जनताको अपेक्षा र नवयुवाको परिवर्तनको आकांक्षा अनुरूप अगाडि बढ्ने उहाँले बताउनुभयो । "एउटा लोकतान्त्रिक र जनमुखी पार्टी कस्तो हुनुपर्छ हामी बनाउनेछौँ, अब कांग्रेसले मूल्य र सिद्धान्त विपरित गएर कुनै सम्झौता गर्ने छैन", उहाँले भन्नुभयो, "सत्ताका लागि जोसँग जहिले पनि अप्राकृतिक गठबन्धन गर्ने कुरा अन्त्य हुनेछ ।" सभापति थापाले हिजोका दिनमा पार्टीका अग्रजले लोकतन्त्र र जनअधिकारका लागि अग्रसरता लिएजस्तै नै अब कांग्रेसले यो संविधानको रक्षा गर्दै समुन्नतिको नेतृत्व गर्ने बताउनुभयो । उहाँले यसका लागि सबैको थप साथ र विश्वास चाहिएको बताउनुभयो ।

उहाँले सम्पूर्ण सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै पार्टीका सबै अग्रजलाई श्रद्धा र सम्मान प्रकट गर्नुभएको छ । उहाँले देशभरका नवयुवालगायत आम नेपाली आमाबुबा, दाजुभाइ दिदीबहिनीहरूमा समुन्नत नेपाल निर्माणको यात्रामा सरिक हुन अपिल गर्नुभएको छ।

## गण्डकी प्रदेश प्रमुख समक्ष प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन पेश

पोखरापत्र संवाददाता
पोखरा, २ माघ

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गण्डकी प्रदेश प्रमुखसमक्ष आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पेश गरेको छ।

आयोगका कार्यवाहक अध्यक्ष जुद्ध बहादुर गुरुङले शुक्रबार प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष प्रतिवेदन पेश गर्नुभएको हो । नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम प्रदेश प्रमुख भट्ट समक्ष गुरुङले प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो।

प्रदेश प्रमुख भट्टले यस आयोग मुलुकमा वित्तीय संघीयता लागू गर्ने आर्थिक पाटोतर्फको मेरुदण्ड भएको उल्लेख गर्नुहुँदै पर्याप्त प्राकृतिक श्रोतले पूर्ण भएपनि देशले पर्याप्त लाभ लिन नसकिएको चिन्ता व्यक्त गर्नुभयो । 'नेपाल सानो क्षेत्रफलमा पर्याप्त प्राकृतिक श्रोत भएको देश भएपनि यसको उपयोगिताका सन्दर्भमा उचित नीति र योजना नहुँदा उपभोग गरी लाभ लिन नसकिरहेको अवस्था छ ।' उहाँले भन्नुभयो - 'मुलुकका प्रबुद्ध वर्गहरु, पूर्वप्रशासक, अर्थशास्त्री, वित्तसँग राम्रो अनुभव भएका व्यक्ति सम्मिलित आयोगले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ ।' आयोगका कार्यवाहक अध्यक्ष गुरुङले आर्थिक वर्ष २०८२/०८३ का लागि गण्डकी प्रदेश सरकारलाई ७ अर्ब ७३ करोड ८९ लाख र प्रदेश भित्रका स्थानीय सरकारलाई ९ अर्ब २२ करोड ९३ लाख वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस गरि एकोमा नेपाल सरकारले सोहि बमोजिम बजेट विनियोजन गरेको बताउनुभयो । यद्यपी, नेपाल सरकारले सिफारिस बमोजिम बजेट विनियोजन गरेपनि प्रदेश तथा स्थानीय तहलाई पूरै रकम हस्तान्तरण नहुँदा प्रदेश र स्थानीय सरकारको बजेट कार्यान्वयन प्रभावित भएका देखिएको उहाँले बताउनुभयो।

कार्यवाहक अध्यक्ष गुरुङले आर्थिक वर्ष २०८१/८२ को अवधिमा आयोगले गण्डकी प्रदेश तथा प्रदेशभित्रका स्थानीय सरकारसँग सम्बन्धित विषयमा सम्पादन गरेका काम-कार बाहीहरू उक्त वार्षिक प्रतिवेदनमा समेटिएको जानकारी दिनुभयो । उहाँले संक्षिप्त विवरणसहित प्रतिवेदन पेस गर्दै आयोगका गतिविधि र सिफारिसबारे प्रदेश प्रमुखलाई अवगत गराउनुभएको थियो।

संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँड गर्ने, मानक र पूर्वाधारको आधारमा प्रदेश र स्थानीय तह सशर्त अनुदानको आधार तय गर्ने, प्रदेश सञ्चित कोषबाट प्रदेश सरकार र स्थानीय तहबीच राजस्व बाँडफाँड गर्ने, संघ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँडको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने जस्ता अधिकार आयोगलाई छ।

## निर्वाचन अधिकृतको कार्यालय स्थापना

पोखरापत्र संवाददाता
पोखरा, २ माघ

आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कास्कीमा निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने भएको छ।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गद बरालका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तीनवटा निर्वाचन क्षेत्र भएको कास्कीमा आजदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने छ । कास्की क्षेत्र नं १ को निर्वाचन अधिकृतको कार्यालय पशुपन्छी अनुसन्धान तथा तालिम केन्द्र रामघाट, क्षेत्र नं २ को निर्वाचन अधिकृतको कार्यालय सङ्घीय जलस्रोत तथा सिँचाइ व्यवस्थापन कार्यालय, इ्यामसाइट र क्षेत्र नं ३ को निर्वाचन अधिकृतको कार्यालय मालेपाटनस्थित प्रदेश कृषि मन्त्रालयको भवनमा स्थापना गरिनेछ।

## निर्वाचन प्रहरीमा आवेदन कम परेपछि म्याद थप

पोखरापत्र संवाददाता
पोखरा, २ माघ

कास्की, बागलुङ, मुस्ताङलगायत जिल्लामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा खटिने निर्वाचन प्रहरीका लागि दरखास्त दिने म्याद दुई दिन थप गरिएको छ।

यसअघि गत पुस २५ गतेखि बिहीबारसम्म दरखास्त माग गरिएकामा आवेदन कम परेको हुनाले शनिबारसम्म म्याद थप गरिएको निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति कास्कीले जनाएको छ। समितिका सदस्य सचिव एवं सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार कास्कीमा दुई हजार ३०२ निर्वाचन प्रहरी परिचालन गरिने भएको छ। निर्वाचन प्रहरीमा भर्नाका लागि जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल, नेपाल नं २४ कालिका गणमा दरखास्त बुझाउन सकिने उहाँले बताउनुभयो।

निर्वाचन प्रहरी भर्नामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलबाट सेवानिवृत्त पूर्वसुरक्षाकर्मी, पूर्वनरक्षक, यसअघि सम्पन्न भएका विभिन्न निर्वाचनमा म्यादी प्रहरीका रुपमा सन्तोषजनक काम गरेका व्यक्ति र विदेशी मित्र राष्ट्का सुरक्षा निकायमा काम गरी सेवानिवृत्त भएका नेपाली नागरिकलाई प्राथमिकता दिइने भएको छ । अठार वर्ष पूरा भई ५४ वर्ष ननाघेको साधारण लेखपढ गर्न जान्ने व्यक्तिले निर्वाचन प्रहरीका लागि दरखास्त दिन पाउने सहायक प्रमुख जिल्ला अधिकारी बरालले जानकारी दिनुभयो।

माघ ५ देखि १० गतेभित्र छनोट प्रक्रिया सकिने र १२ गते नतिजा प्रकाशन गरिने उहाँको भनाइ छ । आवेदन लिइसकेपछि यही निर्वाचन प्रहरी छनोट र भर्नाको प्रक्रिया अगाडि बढ्ने जनाइएको छ। छनोटमा परेका निर्वाचन प्रहरीलाई माघ १५ देखि २४ गतेसम्म प्रशिक्षण दिइने समितिले जनाएको छ। निर्वाचन प्रहरीको कार्य अवधि ४० दिन तोकिएको छ।

निर्वाचन प्रहरीले ४० दिनको रु ३४ हजार ७७६, खाद्यान्न र पोसाककबापतको रकम, तयारी खर्च रु ८४६ र चार दिनको खाजा खर्च रु एक हजार २०० उपलब्ध गराइने छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्त गर्नेछ । जिल्ला प्रशासन कार्यालयले निर्वाचनलाई लक्ष्य गरी जिल्लाको सुरक्षा व्यवस्थालाई चुस्त र प्रभावकारी बनाउन तयारी अगाडि बढाएको छ।

कार्यालयले कुनै व्यक्ति वा समूहसँग अवैध हातहतियार भएमा यही माघ १५ गतेभित्र नजिकको प्रहरी कार्यालयमा बुझाउन सार्वजनिक रुपमा सूचित गरेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गर्न कार्यालयले उक्त आग्रह गरेको हो । तोकिएको समयमा हातहतियार तथा खरखजना नबुझाएमा प्रचलित कानुन बमोजिम कारबाही हुने जनाइएको छ।


मतदान गर्ने अधिकारको प्रयोग गरौं।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शान्ति उदय मा.वि.को ६६ औं वार्षिकोत्सव तथा ६७ औं अभिभावक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ

पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीस्थित शान्ति उदय माध्यमिक विद्यालयले आफ्नो ६६ औं वार्षिकोत्सव एवम् ६७ औं अभिभावक दिवस एक समारोहका बीच आज सम्पन्न गरेको छ।

कार्यक्रमको विद्यालयका पूर्व विद्यार्थी समेत रहनुभएका पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गर्नुभयो।

कार्यक्रममा महानगर प्रमुख आचार्यले विद्यालयले यस क्षेत्रको शैक्षिक उन्नयनमा खेलेको भूमिका अतुलनीय भएको बताउँदै यसको समग्र विकासका लागि सबैको सामुहिक प्रयास आवश्यक हुने बताउनुभयो। विद्यालयको अक्षयकोष स्थापनाको अभियानका लागि उहाँले आफ्ना तर्फबाट एक लाख



११ हजार १११ रुपैयाँ सहयोग गने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अनिलप्रसाद आचार्यले विगतमा तीन जिल्लाको आकर्षक शैक्षिक गन्तव्यका रुपमा रहेको शान्ति उदयको आफ्नै विशिष्ट गरिमा र महत्व रहेको बताउनुभयो। पछिल्ला समयमा घट्दो विद्यार्थी संख्या चुनौतीका रुपमा बढ्दै गएको बताउँदै उहाँले शैक्षिक गुणस्तरीयता अभिबृद्धि गर्ने कुरामा विद्यालय निरन्तर लागिरहेको बताउनुभयो। नेपाल विश्वविद्यालयले क्याम्पस सञ्चालनका लागि जग्गा उपलब्ध गराउनका लागि आग्रह गरेको उहाँले जानकारी दिनुभयो। पूर्व विद्यार्थी एवम् नेकपा एमालेका केन्द्रीय सदस्य रश्मी आचार्यले विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिसँगै यहाँको समग्र विकासका लागि सबैको एकतावद्ध प्रयास आवश्यक हुने बताउनुभयो। विद्यालयका प्रधानाध्यापक राजेन्द्रप्रसाद बस्ताकोटीले विद्यालयको समग्र शैक्षिक एवम् भौतिक प्रगति लगायतका विषयमा जानकारी गराउनुभयो। कार्यक्रममा वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारी, पूर्व विद्यार्थी एवम् शहरी योजना आयोग पोखराका पूर्व उपाध्यक्ष प्रेमलाल लामिछाने, एनआइएमवि बैंकका सञ्चालक मदन आचार्य, विद्यालयका शिक्षक देवराज शर्मा लगायतले बोल्नुभएको थियो।

उक्त अवसरमा विद्यालयद्वारा आयोजित वडा स्तरीय वक्तृत्वकला प्रतियोगिताका विजयी विद्यार्थीका साथै विद्यालयका विभिन्न कक्षामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिएको थियो भने सहयोग दातालाई सम्मान गरिएको थियो। कार्यक्रमका अवसरमा ग्रिन डेभलपमेन्ट बैंकका तर्फबाट विद्यालयलाई एक थान कलर प्रिन्टर सहयोग हस्तान्तरण गरिएको थियो।



भूकम्प सुरक्षासम्बन्धी कृत्रिम घटना अभ्यासमा घाइतेको उद्धारः २८औं भूकम्प सुरक्षा दिवसका अवसरमा जिल्ला विपद् व्यवस्थापन समिति कास्की, पोखरा महानगरपालिका कार्यालय र सशस्त्र प्रहरी वल नेपाल नं २४ गण हेड क्वाटर कास्कीको सयुक्त आयोजनामा शुक्रबार पोखरा-५ वाराही माविको चौरमा भूकम्प सुरक्षासम्बन्धी कृत्रिम घटना अध्यास कार्यक्रममा भूकम्पबाट घाइते भएकाको उद्धार तथा उपचार गर्दै। तस्बिरःऋषिराम बराल/रासस

# मनोहर कप भलिबल: सेमिफाइनल समिकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ

पोखरामा जारी मनोहर कप तेस्रो क्लब स्तरीय खुला पुरुष भलिबल प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ। पोखरा-१४ मनकामना टोलको खेल मैदानमा जारी प्रतियोगितामा शुक्रबार नवज्योति क्लब र पोखरा युनाइटेड क्लबले सेमिफाइनलमा स्थान पक्का गरेका हुन्।

नवज्योति क्लबले एपिएफ पोखरामाथि रोमाञ्चक जित निकाल्दै सेमिफाइनलमा पुग्न सफल भयो। पहिलो सेट २५-२३ ले जितेको एपिएफ पोखरले दोस्रो सेट २२-२५ ले नवज्योतिलाई सुम्पियो। तेस्रो सेटमा पुनः २५-१८ ले जित निकाल्दा



एपिएफ पोखराले चौथो सेट १७-२५ ले नवज्योतिलाई सुम्पिँदा खेल पाँचौं सेटमा धकेलिएको थियो। पाँचौं सेटमा १६-१४ को रोमाञ्चक जित निकाल्दै नवज्योतिले सेमिफाइनलको यात्रा तय गऱ्यो।

शुक्रबार भएको अर्को खेलमा पोखरा भलिबल ट्रेनिङ सेन्टरलाई ३-० को सोझो सेटमा पराजित गर्दै पोखरा युनाइटेडले सेमिफाइनलमा स्थान बनायो। युनाइटेडले पहिलो सेट २५-१५, दोस्रो सेट २५-२२ र तेस्रो सेट २५-२३ ले जित दर्ता गऱ्यो। मनोहर युवा क्लब 'ए' र पकुवा भलिबलले यसअघि नै सेमिफाइनलमा स्थान पक्का गरेका थिए। प्रतियोगिताको पहिलो सेमिफाइनल आयोजक मनोहर क्लब र नवज्योति क्लबबिच भोलि बिहान ८ बजे बाट सुरु हुनेछ। त्यसपछि दोस्रो सेमिफाइनल पोखरा युनाइटेढ र पकुवा भलिबलबिच हुनेछ। फाइनल खेल पनि भोलि नै हुने तालिका छ। माघ ३ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टोलीले एक लाख ७५ हजार ५५५ रुपैयाँसहित ट्रफी, शिल्ड, मेडल र प्रमाणपत्र पाउनेछन्। दोस्रो हुने टोलीलाई एक लाख एक हजार १११ रुपैयाँ प्रदान गरिनेछ।

सेमिफाइनलमा पुग्ने दुई टोलीले समान २० हजार पाउनेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई ८ हजार र विधागततर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही ५ हजार प्रदान गरिने आयोजकले जनाएको छ।

# माघी मेला २०८२ अन्तर्गत सिक्लेसमा छेलो प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ

माघी मेला २०८२ को अवसरमा कास्की जिल्लाको सिक्लेसमा आयोजित छेलो प्रतियोगिता भव्य रूपमा सम्पन्न भएको छ।

माघी संस्कृतिको पावन अवसरमा प्राचीनकालदेखि सञ्चालन हुँदै आएको छेलो खेल प्रतियोगिता श्री सभा युला सभाथर परिवार को आयोजनामा सम्पन्न भएको हो। गण्डकी प्रदेशस्तरीय प्रतियोगितामा विभिन्न स्थानका खेलाडीहरूको सहभागिता रहेको थियो। परम्परागत खेलको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा विभिन्न स्थानका खेलाडीहरूको सहभागिता रहेको थियो। प्रतियोगितामा पर्वत



जिल्लाका मिलन सुनार ले ६४ फिट ११ इन्च दूरीमा छेलो फ्याँक्दै प्रथम स्थान हासिल गर्न सफल भए। प्रथम हुने सुनारले रु. ४५ हजार नगद पुरस्कार प्राप्त गरेका छन्।

त्यस्तै, रोहित सुनार ले ६४ फिट ५ इन्च दूरी कायम गदै दोस्रो स्थान हासिल गरेका छन्। दोस्रालाई रु. ४० हजार नगद पुरस्कार प्रदान गरिएको छ। कार्यक्रममा प्रमुख अतिथि सु. रत्न खोज गुरुङ, अध्यक्ष क्या.जै बहादुर गुरुङ तथा सचिव श्री दिनेश गुरुङको उपस्थितिमा प्रमाण-पत्र प्रदान गरिएको थियो।

आयोजकका अनुसार यस्ता प्रतियोगिताले मौलिक खेलकुदको संरक्षणसँगै युवापुस्तालाई परम्परागत खेलप्रति आकर्षित गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

# २५औं आहा रारा पोखरा गोल्ड कप फ्लडलाइटमा साँझ खेल हुने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ

नेपालकै प्रतिष्ठित आहा रारा पोखरा गोल्डकपको २५ औं संस्करण (रजत जयन्ती) को अवसरमा पोखरेली दर्शकलाई फ्लडलाइटको व्यवस्था सहित साँझमा उक्त खेल हुने भएको छ।

उक्त गोल्ड कपको रजत जयन्तीलाई यस बर्ष थप आकर्षण गर्न फ्लडलाइडको ब्यबस्था हुने भएको प्रतियोगिताका संयोजक पूर्ण बहादुर गुरुङले बताउनु भयो। उहाँले भन्नुभयो"रजत जयन्तीको अवसरमा पोखरामा पहिलो पटक अस्थायी फ्लडलाइट जडान गरी रात्रिकालीन फुटबल आयोजना गने हामी तयारीमा छौं, यसपाली पोखरेली दर्शकलाई फरक आकर्षण यही हुने छ।" साझ हुने उक्त प्रतियोगितामा धैरै जनाले आफ्नो काम सकेर साँझ पनि रंगशालामा आउन सक्ने संयोजक गुरुङले जनाउनु भयो।

पोखरा रंगशालाको फुटबल मैदानमा चारै कुनामा करिब ३५ फिट उचाइका अस्थायी पोल राखेर फ्लडलाइट जडान गरीने भएको छ भने प्रत्येक पोलमा १२ देखि १६ वटा शक्तिशाली लाइट जडान गने भएको सहारा क्लवले जनाएको छ। फ्लडलाइट, स्ट्यान्ड, तार, जेनेरेटर लगायत सम्पूर्ण संरचनामा कबिर २० देखि २५ लाख रुपैयाँभन्दा बढी खर्च हुने प्रारम्भिक अनुमान गरिएको छ। यसपालि माघ २७ देखि फागुन ९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा स्वदेशी तथा विदेशी चर्चीत क्लव सहभागी गराउने तयारी पनि भइरहेको छ। फ्लडलाइटको व्यवस्थाले खेलको स्तर, दर्शकको उपस्थिति र प्रतियोगिताको आकर्षण अझै बढ्ने आयोजकको विश्वास छ।

२०५८ सालदेखि निरन्तर आयोजना हुँदै आएको आहा रारा पोखरा गोल्डकप मोफसलकै प्रतिष्ठित प्रतियोगिता हो। सहारा फुटवल एकेडेमीमा हाल १६ जिल्लाका ३० जना बालकहरु रहेको क्लवका अध्यक्ष केशव बहादुर थापाले बताउनु भयो। उक्त गोल्ड कपको बचत रकम एकेडेमीमा क्लवले खर्चिदै आएको छ।

# पोखरामा बृहत् कन्दमूल प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ

चौथो राष्ट्रिय कृषि जैविक विविधता दिवसका अवसरमा पोखरा महानगरपालिका कृषि विकास शाखाको आयोजनामा बिहीबार पोखरामा बृहत् कन्दमूल प्रदर्शनी गरिएको छ।

युवा पुस्तालाई घर तरुल, वन तरुल, गिट्ठा भ्याकुर, सिमल तरुल, सखरखण्ड, पिँडालु, ओललगायत कन्दमूलबारे जानकारी गराउने उद्देश्यका साथ पोखरा-१७ स्थित ढुङ्गेसाँघुमा प्रदर्शनी आयोजना गरिएको हो। प्रदर्शनीमा २५ किसिमका कन्दमूल राखिएका थिए।

पोखरामा बर्सेनि करिब १३० टन तरुल र ९० टन सखरखण्ड बिक्री हुने गरेको कृषि विकास शाखाले जनाएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पित्तास तथा एलर्जी


# सबै नेता, कार्यकर्तालाई समेटेर अगाडि बढ्छौँ : उपभासपति शर्मा

**रासस**
काठमाडौँ, @ df3

नेपाली कांग्रेसका नवनिर्वाचित उपसभापति विश्वप्रकाश शर्माले विशेष महाधिवेशनमा भाग नलिएका सबै नेता कार्यकर्तालाई समेटेर अगाडि बढ्ने बताउनुभएको छ।

विशेष महाधिवेशनबाट उपसभापति निर्वाचित हुनुभएका शर्माले गगन थापा नेतृत्वको कांग्रेसलाई आधिकारिता दिने निर्णय गरेसँगै केहीबेर अगाडि भिडियो सन्देश जारी गर्दै छुटेका नेता, कार्यकर्तालाई समेटेर जाने बताउनुभयो। नेपाली कांग्रेस अब नवीन ढङ्गले अगाडि बढ्ने उहाँको भनाइ थियो। उहाँले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनलाई आत्मासात् गरेर पार्टीले अगाडि सारेको उदारवादी अर्थतन्त्रलाई आत्मसात् गरेर अघि बढ्ने उल्लेख गर्नुभयो। शेरबहादुर देउवा नेतृत्वको कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई एकपटक नबोलाई गरिएको निर्णय आफूहरूलाई मान्य नहुने बताउनुभयो। निर्वाचन आयोगले षड्यन्त्रपूर्वक निर्णय गरेको उहाँको भनाइ छ। उहाँले कांग्रेसको संस्थापन पक्ष कानुनी र राजनीतिक दुवै लडाइँ लड्ने बताउनुभयो।

## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

**REPAIR AND RENOVATION OF WORKS OF THE EOI, PPO POKHARA FOR THE FY 2025-2026**

1. Sealed tender documents/quotations are invited from reputed bidders for the following repair/ maintenance works of EoI, PPO Pokhara:-
   1.1 Renovation of Toilets & Varandah of Auditorium Hall cum Rally Hall of EoI, PPO Pokhara.
2. The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or before 26 Jan 2026 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India Kathmandu, Nepal website under Tender Notices.Tele No 061-434240/061-435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting their bids.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ‘चुनपहरा चट्टान’ आरोहण प्रशिक्षण केन्द्र

**मिला दरै**
तनहुँ, २ माघ/रासस

पृथ्वी राजमार्गको मुग्लिन-पोखरा सडकखण्डअन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका-४ विमलनगर स्थित चुनपहरामा अचेल आरोहण गर्नेहरुको चहलपहल देखिन्छ । हिउँद याममा यहाँ उल्लेख्य मात्रामा चट्टान आरोहण गर्न आउने गरेका छन् । हिमाल आरोहणमा जानुभन्दा अघि आरोहीले चुनपहरा चट्टान आरोहण गर्ने गरेका छन् । त्यसैले पछिल्लो समय चुनपहरा चट्टान प्रशिक्षण केन्द्र बनेको छ ।



पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने उद्देश्यले विभिन्न सङ्घसंस्थाबाट तालिम लिइरहेका प्रशिक्षार्थीलाई चट्टान आरोहण प्रशिक्षण दिने स्थल बनेको छ । चुनपहरा पथ प्रदर्शक मात्रै नभई नेपाल प्रहरीका जोखिम उद्धार टोली उत्पादनका लागि प्रशिक्षण लिने स्थल बनेको छ । नेपाल पर्वतीय पदयात्राका निम्ति उपयुक्त स्थान मानिन्छ । यहाँ आउने विदेशी पर्यटकलाई आकर्षित गर्न तथा दक्ष पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने लक्ष्य रहेको सिद्ध गुफा संरक्षण समितिका संस्थापक अध्यक्ष लालकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

“यहाँ विदेशी तथा स्वदेशी साहसिक खेलाडी समय समयमा चट्टान आरोहणका लागि आउने गरेका छन् । कम्पनीले दक्ष तथा अनुभवी पथ प्रदर्शक उत्पादन गरिरहेका छन् भने नेपाल प्रहरीको जोखिम उद्धारका लागि तालिम केन्द्र बनेको छ”, श्रेष्ठले भन्नुभयो, “विगतमा सडक विस्तारको क्रममा पहरा कटान गर्ने योजना थियो, पछि हामीले साहसिक खेलको प्रशिक्षण केन्द्र बनायौं ।” साहसिक खेलका रुपमा रहेको रक क्लाइम्बिङको विकास गर्दै यसलाई आयआर्जनसँग जोड्न आवश्यक रहेको उहाँको भनाइ छ । यहाँ आउने विदेशी पर्यटकलाई राष्ट्रियस्तरको प्रमाण प्राप्त दक्ष पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने लक्ष्यका साथ पर्वतीय पथ प्रदर्शक प्रशिक्षण भइरहेको नेपाल पर्वतारोहण प्रशिक्षक सङ्घ गैरीधारा काठमाडौँले जनाएको छ । यो एक हप्ताका लागि सञ्चालन हुनेछ । नेपाल पर्वतारोहण प्रशिक्षक सङ्घका महासचिव पासाङ टेण्डी शेर्पाले १७औँ चरणको तालिम यहाँ सञ्चालन भइरहेको जानकारी दिनुभयो । “यो साहसिक खेल नेपालको मात्रै नभएर विश्वमा नै प्रसिद्ध छ । यो प्रशिक्षण र सिकाई फिजियोथेरापीसँग पनि सम्बन्धित छ”, उहाँले भन्नुभयो, “चट्टानको प्राकृतिक जडान सुरक्षित र सजिलो छ ।” महासचिव शेर्पाले नेपालमा चट्टान आरोहण विकासका क्रममा रहेको र चट्टान आरोहणले मानसिक रुपमा पनि तन्दुरुस्त बनाउन सहयोग गर्ने बताउनुभयो । यस स्थानको संरक्षण र प्रवर्द्धन आवश्यक रहेको उहाँको भनाइ छ । नेपाल साहसिक पदयात्रा गर्ने क्षेत्रको रुपमा मानिएको छ भने पर्वतारोहणमा सहज बनाउन प्रशिक्षकको मागअनुसार उपलब्ध गराउन पथ प्रदर्शक उत्पादन गरिरहेको सङ्घले जनाएको छ ।

सङ्घका सिनियर प्रशिक्षक लाक्पा राङ्कु शेर्पाले प्रशिक्षणका लागि सीमित क्षेत्र भएकाले सिमित प्रशिक्षार्थीलाई मात्रै प्रशिक्षण दिइरहेको बताउनुभयो । साहसिक खेलमध्येको चट्टान आरोहणपछि आइस क्लाम्बिङ गराएर मात्रै तालिम प्राप्त पथ प्रदर्शक भएको प्रमाणपत्र दिने गरिन्छ । सङ्घले यस पटक एक महिला र ४३ पुरुष गरी ४४ जनालाई प्रशिक्षण दिइरहेको महासचिव शेर्पाले बताउनुभयो । उहाँले भन्नुभयो, “शरीरको सहनशीलतालाई विकास गर्न यहाँको हावापानी उपयुक्त रहेकाले प्रशिक्षण गराउन ल्याउने गरेका छौँ । यसपछि आइस क्लाम्बिङ गराएर मात्रै तालिम प्राप्त पथ प्रदर्शकको प्रमाणपत्र दिने गरिन्छ ।” “पथप्रदर्शकले मौसमको आभास गर्नुपर्ने हुन्छ, त्यसका लागि सिद्धगुफाको चट्टान उपयुक्त छ”, प्रशिक्षक शेर्पाले भन्नुभयो, “दक्ष पथ प्रदर्शक उत्पादनका लागि उनीहरुले मौसमको अनुभव गर्नुपर्ने हुन्छ । कहिले चिसो त कहिले तातो मौसमको सामना गर्न सक्ने गरी तालिम दिन्छौँ यहाँको मौसमका साथै ठाउँ पनि उपयुक्त छ ।” विदेशबाट नेपालका हिमाल आरोहण गर्न आउने गर्छन् । उनीहरुलाई सहज र सुरक्षित रुपमा हिमाल आरोहण गराउने गरी कम्पनीले दक्ष पथ प्रदर्शक उत्पादन गरिरहेको छ । माउन्टेन गाइडका लागि चट्टान आरोहण प्रशिक्षण भएको र यसका साथै आइस क्लाइम्बिङ (पहिलो चरण) को तालिम प्रदान गरिसकिएको छ ।

प्रशिक्षण केन्द्र बनेको विमलनगर चुनपहरा ओभ्रेलमा परेको छ । चट्टान, ग्लेसियर, पिक क्लाइम्बिङ गर्न दक्ष भएपछि मात्रै पूर्ण रुपमा अभ्यास सकिएपछि दक्ष पथ प्रदर्शकको प्रमाणपत्र प्रदान गरी काम गर्नसक्ने हुन्छ । प्रशिक्षक लाक्मी शेर्पा चट्टान आरोहणको प्रशिक्षणतर्फ महिला पनि आकर्षित भइरहेका बताउनुभयो । जोखिम तथा साहसिक खेलमा महिलाको आकर्षण बढ्दो छ । देशैभर दक्ष तथा अनुभवी महिला पथ प्रदर्शक सङ्ख्यात्मक रुपमा कम रहेकाले म पनि गर्न सक्छु भनेर यस क्षेत्रमा लागिरहेका प्रशिक्षक शेर्पाले बताउनुभयो । साहसिक काम गर्दा अन्य महिलालाई पनि प्रोत्साहन गर्न जरुरी रहेको उहाँको भनाइ छ । सिद्धगुफाको संरक्षण गर्नुका साथै आरोहण गर्न चट्टान पनि सुरक्षित तवरबाट जोडिएका छन् । प्रचारप्रसार तथा प्रवर्द्धनमा भने उल्लेख्य काम हुन नसकेको स्थानीयको गुनासो छ । पृथ्वी राजमार्गसँगै जोडिएको यस ठाउँमा देशका विभिन्न तथा विदेशबाट समेत पर्यटक चट्टान आरोहणका लागि आउने गर्दछन् । विसं २०६४ मा नेपालका अन्तरराष्ट्रिय पर्वतारोहण पथ प्रदर्शक र स्थानीयवासी मिलेर सो क्षेत्रको सुरुआती अन्वेषण गरेपछि क्रमबद्ध रुपमा यससँग सम्बन्धित सङ्घसंस्था तथा निकायले चट्टान आरोहणको गतिविधि बढ्दै गएको छ । पथ प्रदर्शक मात्रै नभएर हिमाल आरोहणका लागि पनि पहिलो खुड्किलाको रुपमा प्रशिक्षण लिन यहाँ आउने गर्दछन् । केही दिनको चट्टान आरोहणपश्चात् हिमाल आरोहणमा जाने गरेका छन् । यहाँ चट्टान आरोहणको गतिविधि विस्तारै बढ्दै गएको छ । यस क्षेत्रमा साहसिक पर्यटन प्रवर्द्धन गर्नका निम्ति तीनै तहका सरकारका साथै पर्यटन बोर्ड र खेलकुदसँग सम्बन्धित क्षेत्रको ध्यानाकर्षण हुनसकेमा अझ राम्रो हुने देखिन्छ ।

# पोखरा महोत्सवमा माघ ४ गते देखि विद्यालय स्तरीय लोक नृत्य प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ

पोखराको अमरसिंहमा जारी १४ औं पोखरा महोत्सवमा माघ ४ गतेदेखि विद्यालय स्तरीय सामुहिक लोकनृत्य प्रतियोगिता हुने भएको छ ।

गण्डकी प्रज्ञा प्रतिष्ठानको प्रायोजनामा हुने उक्त प्रतियोगिता अन्तर्गत प्रतियोगिताको पहिलो दिन पोखरा स्पाइरल, सिद्ध मावि र ज्ञान गंगाबीच प्रतिस्पर्धा हुने छ । त्यसैगरी माघ ५ गते सेन्ट मेरिज, अञ्जुली बोर्डिङ स्कुल र विभूती शिक्षा सदन बीच प्रतिस्पर्धा हुने छ । त्यसैगरी माघ ६ गते डायमण्ड सेकेण्डरी स्कुल, सूर्योदय स्कुल र ज्ञानुबाबा स्कुल बीच प्रतिस्पर्धा रहने प्रतियोगिता संयोजक गणेश तिमिल्सिनाले जानकारी दिए ।

त्यसैगरी माघ ७ गते कास्की मोडनाइज्ड, सोसल पब्लिक स्कुल, अमरसिंह मावि (ई) र डियरवक स्कुल बीच प्रतिस्पर्धा हुने छ । माघ ८ गते अमरसिंह मावि (नेपाली) कालिका मावि, शाइनिङ स्टार स्कुल र अक्सफोर्ड एकेडेमी बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा सहभागी १७ समुहबाट उत्कृष्ट ५ विद्यालय फाइनलमा प्रवेश गर्ने र फाइनलको नतिजा माघ ९ गते प्रकाशित गरिने प्रतियोगिताका




सह संयोजक विष्णु कुमार गुरुङले जानकारी दिए । फाइनलमा प्रवेश गर्ने प्रतिस्पर्धीहरु बीच माघ १० गते फाइनल प्रतिस्पर्धा संगै सोही दिन पुरस्कार वितरण गरिने छ । प्रतियोगितामा प्रथम, द्धितिय, तृतीय र शान्तवना स्थान हाँसिल गर्ने दुई समुहले क्रमश नगद ५०, ३५, २५, १५ हजार, शिल्ड र प्रमाण पत्र प्राप्त गर्नेछन ।

चौथो दिन सम्म आइपुग्दा महोत्सवमा दर्शकहरुको उपस्थिती दिन प्रतिदिन बडिरहेको महोत्सवका सचिवालय संयोजक शान्त बहादुर थापाले जानकारी दिए । महोत्सवमा दर्शकको उपस्थिती संगै महोत्सव स्थलमा राखिएको स्टलहरुमा समेत ब्यापार वढिरहेको महोत्सवका अर्थ तथा सटल ब्यवस्थापन संयोजक जयराम आचार्यले जानकारी दिए । आचार्यका अनुसार महोत्सवमा लत्ताकपडा तथा घरायसी सामाग्रीको ब्यापार वढ्दो रहेको छ । महोत्सवमा शुक्रबार चर्चित लोकदोहोरी गायक बद्री पंगेनीको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिए । पंगेनीसंगै कलाकारहरु चोलेन्द्र पौडेल, कृष्ण सुवेदी, परशुराम अधिकारी, कमला सुनार, नबिना सुवेदी अर्चना चापागाईको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिएभने हाँस्य ब्यंग्य तर्फ पोखरेली माग्नेबुढा र धुर्मुसको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिए ।

साँझको लाइभ कन्सर्टमा पोखरेली ब्याण्ड डी मर्चाको प्रस्तुती रहेको थियो । महोत्सवको पाँचौ दिन माघ ३ गते शनिवार प्रकाश सपुतको प्रस्तुती रहनेछभने साँझको लाइभ कन्सर्ट तर्फ अनुप्रस्थाको प्रस्तुती रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

# मध्यपहाडी लोकमार्ग: ‘आर्क ब्रिज’ निर्माण सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, २ माघ

पुष्पलाल मध्यपहाडी राजमार्ग आयोजनाअन्तर्गत पर्वत खण्डमा पर्ने मोदीखोलामा ‘आर्क ब्रिज’ निर्माण सुरु भएको छ ।

राजमार्गको पर्वत खण्ड कालोपत्र सम्पन्न भएको तीन वर्षपछि पुल निर्माण सुरु भएको हो । पर्वतको मोदीगाउँपालिका-२ र पातिचौर-६ डिमुवा जोड्ने गरी पुल निर्माण सुरु भएको पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयले जनाएको छ ।

आयोजनाका इन्जिनियर कल्पना मिश्रका अनुसार पुल ६२ मिटर लामो र ११ मिटर



चौडा हुनेछ । डबल स्पानको पुल निर्माणका लीगि रु सात करोड ५० लाख विनियोजन भएको छ । उक्त मार्गअन्तर्गत हालसम्म पर्वतखण्डको तमादीखोला र बागलुङको काठेखोलामा पुल निर्माण भएका छन् । सुन्दरेखोला र मोदीखोलामा पनि निर्माण जारी छ । मोदीखोलाको पुल आगामी भदौ मसान्तभित्रमा सम्पन्न गरिसक्नुपर्ने छ । मध्यपहाडी लोकमार्गअन्तर्गत पोखरा-कुश्मा सडकको तीन वर्ष पहिला नै दुई लेनको सडक स्तरोन्नति भैसकेको छ ।

सडक दुई लेनको बनेपनि पुरानो संरचनामा बनेका ‘सिङ्गल लेन’का पुलले सवारीको चाप धान्न कठिन भएकाले नयाँ पुल निर्माण थालिएको हो ।

# चिसो याममा पनि ढोरपाटनमा पर्यटकको चहलपहल

**रासस**
बागलुङ, २ माघ

यतिबेला ढोरपाटनमा अत्यधिक चिसो बढेको छ । बिहानपख धारामा पानी नै जम्छ भने बाक्लो तुसारोले हिँडडुल गर्न पनि समस्या हुन्छ ।

ढोरपाटनमा चिसो बढेपछि स्थानीय बैँसी झरे । अस्थायी रूपमा बसोबास गर्ने र व्यवसायीमात्र यहाँ छन् । पाँच वर्ष अगाडिसम्म हिउँदमा ढोरपाटन सुनसान नै हुन्थ्यो । तर यस वर्ष यो याममा पनि पर्यटकको चलहपहल छ । बाह्रै महिना यहाँको सुन्दरतामा कमी नआउने हुँदा पर्यटकको रोजाइमा ढोरपाटन परेको



छ । गत वर्ष पनि यतिबेला ढोरपाटन सुनसान नै थियो । मङ्सिर अन्तिम सातासम्म पर्यटकको चहलपहल हुने गरे पनि चैतसम्म सुनसान हुन्थ्यो । चिसो याममा पनि पर्यटक आउन थालेपछि होटल व्यवसायी उत्साहित छन् । अघिल्लो वर्षसम्म करिब चार महिना होटल बन्द हुने गरे पनि यसपालि एक दिन पनि खाली बस्न नपरेको ढोरपाटन उपत्यका होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन अदैले बताउनुभयो । पछिल्लो पाँच वर्षमा ढोरपाटन आउने पर्यटकको सङ्ख्या उल्लेख्य रहेको भन्दै हिउँद याममा पनि पर्यटकको चहलपहल भएको पहिलोपटक भएको उहाँको भनाइ छ । यो सिजनमा शुक्रबार र शनिबार करिब दुई सय र अन्य बेला ३०-५० जना पर्यटक ढोरपाटन आउने गरेको अध्यक्ष अदै ले बताउनुभयो । यहाँको बारेमा तीव्र प्रचारप्रसार हुँदा बुटवल, पोखरा, काठमाडौँ, चितवन, भैरहवालगायत देशैभरबाट पर्यटक आउन थालेको उहाँको भनाइ छ । “गत वर्ष यो बेला त सुनसान नै भएको थियो, तर यसपालि दैनिकजसो पर्यटक आइरहेका छन्, हिउँ पर्दा बुर्तिबाङ र त्यस आसपासबाट मान्छे हिउँ खेल्न आउँथे तर यसरी घुम्न आउने गर्दैनन्थे”, अध्यक्ष अदैले भन्नुभयो, “अब त विस्तारै सडक पनि राम्रो हुँदैछ, आगामी वर्षदेखि त ढोरपाटनमा बाह्रै महिना पर्यटकको चहलपहल हुने आशा जागेको छ ।” एक दशक अगाडिसम्म ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्या न्यून थियो । तर अहिले तीव्र प्रचारप्रसारका कारण बर्खाको समयमा हजारौँको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् । ढोरपाटन उपत्यकासँगै बुकीपाटन र जलजला जानेको सङ्ख्या पनि उस्तै छ ।

होटल व्यवसायी धीरेन्द्र घर्तीमगरले खान र बस्नका लागि राम्रो सुविधा हुन थालेपछि जाडो याममा पर्यटक आउन थालेको बताउनुभयो । टाढादेखि आउने पर्यटकले अग्रिम कोठा ‘बुकिङ’ गर्ने गरेको उहाँको भनाइ छ । नवलपुरदेखि घुम्न आउनुभएका आशिष पुरीले ढोरपाटनमा बढी चिसो भए पनि यहाँको सुन्दरताले लोभ्याएको बताउनुभयो । जाडो बिदामा नौ जनाको समूह घुम्न आएको उहाँको भनाइ छ । सामाजिक सञ्जाल र सञ्चारमाध्यममा ढोरपाटनको मनमोहक तस्बिर तथा भिडियो देखेकाले घुम्न आएको उहाँले सुनाउनुभयो । यो सिजनमा ढोरपाटन आउँदा न्यानो भएर आउन उहाँले सुझाउनुभयो ।

जाडोका कारण स्थानीय बोबाङ, अधिकारीचौर र निसीखोला झरेका छन् । उनीहरू अब चैत लागेपछि मात्र ढोरपाटन उक्लिने गर्छन् । पोहोर सालसम्म पर्यटकको आगामन कम हुँदा व्यवसायी फुर्सदिला हुन्थे । तर अहिले त्यस्तो अवस्था छैन । पाँच वर्ष अगाडिसम्म ढोरपाटनमा होटल व्यवसाय गर्ने स्थानीय कम थिए । तर अहिले ढोरपाटन उपत्यकामा मात्र करिब ४० हाराहारी होटल सञ्चालनमा छन् ।

**श्री जनज्योति माध्यमिक विद्यालय**
**फलेवास-८, ठानामौला, पर्वत**
**शिक्षक आवश्यकता सम्ब**
*दोस्रो पटक प्रकाशित मिति: २०८२/०९/३०*

फलेवास नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०९/१४ पत्र च. नं. ८१९ र यस विद्यालयको वि.व्य.स.को २०८२/०९/३० को निर्णयअनुसार विद्यालयको रिक्त रहेको निम्न माध्यमिक तहको विज्ञान विषय पदमा करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले २०८२/०९/३० गतेदेखि लागूहुने गरी ७ दिनको विज्ञापनको सूचना प्रकाशित गरिएको छ । तपसिलको आधारमा रहेर योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

१. **विज्ञापन नं :**२०८२/०८३-०३
२. **पद संख्या:** १
३. **तह/ विषय:** निम्न माध्यमिक/ विज्ञान
४. **शैक्षिक योग्यता:** प्रमाणपत्र वा सो सरह
५. **आवश्यक कागजातहरू:** हस्तलिखित दरखास्त पत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, प्रमाणपत्र तह सरह उत्तीर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
६. **परीक्षा आवेदन दस्तुर:** १०००/-
७. **दरखास्त दिने स्थान:** जनज्योति मा.वि, फलेवास-८, ठानामौला
८. **परीक्षाको किसिम:** लिखित र अन्तरवार्ता
९. **सम्पर्क :** ९८४१८४३४०५/९८०१९४०८९०
Email: janajyotisecondarys@gmail.com

**- प्रधानाध्यापक**

# मार्फामा हिउँचितुवाको आक्रमणबाट १७ वटा भेडा मरे

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २ माघ

जिल्लाको घरपझोङ गाउँपालिका-२ मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रको कार्यालय पछाडि रहेको स्थानीय सन्तोष परियारको खोरमा हिउँचितुवाले आक्रमण गर्दा १७ वटा भेडा मरेका छन् । आज बिहान परियारको भेडाच्याङ्ग्राको खोरमा हिउँचितुवा पसेर आक्रमण गर्दा १७ वटा भेडा मरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले जनाएको छ ।

परियारको परम्परागत खोरको कच्ची ढोकाको बार तोडेर हिउँचितुवा पसी भेडामाथि आक्रमण गरेको एक्यापका कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो । उहाँका अनुसार यसबाट परियारलाई करिब रु पाँच लाखको नोक्सान भएको अनुमान छ । एक्याप कार्यालयका अनुसार परियारको यसअघि गत मङ्सिर २६ गते पनि हिउँचितुवाले पशुधनमाथि आक्रमण गर्दा १९ वटा च्याङ्ग्रा मरेका थिए । त्यसबाट उहाँलाई करिब रु छ लाखको नोक्सान भएको थियो । पीडित परियारले २०० बढी भेडाच्याङ्ग्रा पालन गरेको बताउँदै उक्त घटनापछि च्याङ्ग्राको बथानबाट भेडाको बथान छुट्ट्याएर अन्यन्त्र स्थानान्तरण गरिएको जानकारी दिनुभयो । सारिएको गोठमा पनि कमजोर पूर्वाधार भएकाले हिउँचितुवा खोरमा पसेर पशुधनमाथि क्षति पुर्याएको कार्यालय प्रमुख गुप्ताले बताउनुभयो । घटनापछि एक्यापका कर्मचारी घटनास्थलको निरीक्षण तथा आवश्यक अनुसन्धान गर्न तथा क्षतिको विवरण सङ्कलन गर्न परियारको खोरमा पुगेका छन् । परियारको खोरमा हिउँचितुवा वा चितुवाले आक्रमण गरेको भन्नेबारे अनुसन्धान भइरहेको जनाएको छ । करिब ३५ दिनको फरकमा भएका आक्रमणबाट परियारका ३६ वटा भेडाच्याङ्ग्रा मरेका छन् । एक्याप कार्यालयले पीडित पशुपालकलाई वन्यजन्तु क्षति राहत निर्देशिकाबमोजिम क्षतिपूर्तिको राहत रकम उपलब्ध गराउने आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ ।

मुस्ताङमा हिउँचितुवासहित अन्य वन्यजन्तु तथा भुस्याहा कुकुरको जोखिमले पशुपालन गरी बसेका किसानले दुःख पाउँदै आएका छन् । पशुधनको सुरक्षित बासस्थानका लागि भरपर्दो पूर्वाधार नहुने भएकाले पशुपालकले सुरक्षित खोर सुधारतर्फ ध्यान दिनुपर्नेमा एक्यापले जोड दिएको छ । पछिल्लो समय हिउँचितुवा र मानवबीचको द्वन्द्वले स्थानीय पशुपालन व्यवसाय सङ्कटमा पर्दै गएको एक्यापका प्रमुख गुप्ताले बताउनुभयो । हिउँचितुवा र मानवबीचको सहअस्तित्व निर्माण हुनेगरी दिगो र सुरक्षित संरचना निर्माण गर्नुपर्ने उहाँको भनाइ छ । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रका उच्च लेकमा घाँसको अभाव हुँदा आहारा प्रजाति बस्तीतर्फ झर्ने र आहारको खोजीमा मानिस तथा घरपालुवा पशुमाथि आक्रमण हुने गरेको एक्यापले जनाएको छ ।